# चन्द्रनगर गाउँपालिका क्षेत्रको ऐतिहासिकता : शताब्दीपूर्वको समृद्धनगरी

## लघु अनुसन्धान पुस्तिका



चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर (नाढीमन ताल), सर्लाही

CS CamScanner

# चन्द्रनगर गाउँपालिका क्षेत्रको ऐतिहासिकता : शताब्दीपूर्वको समृद्धनगरी

## लघु अनुसन्धान पुस्तिका

चन्द्रनगर गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
चन्द्रनगर (नाढीमन ताल), सर्लाही
मधेश प्रदेश, नेपाल
सम्पर्क : ९८५४०३८३८१
इमेल : chandranagar111@gmail.com

CamScanner

**चन्द्रनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चन्द्रनगर (नाढीमन ताल), सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**चन्द्रनगर गाउँपालिका क्षेत्रको ऐतिहासिकता : शताब्दीपूर्वको समृद्धनगरी**
**(लघु अनुसन्धान पुस्तिका)**

प्रकाशक : चन्द्रनगर गाउँपालिका, सर्लाही
अनुसन्धानकर्ता संस्था : संस्कृति तथा पुरातत्व अध्ययन केन्द्र
अनुसन्धानकर्ता : नारायणप्रसाद अर्याल
: रामकुमार राई
: सुदर्शन अर्याल
: अनिल यादव
ISBN : 9789937-1-8824-1
मूल्य : रू. १००/-
कम्प्युटर/ले-आउट : हाइडल प्रेस
मुद्रण : : हाइडल प्रेस प्रा.लि., काठमाडौं, ता.न.पा.-८, काठमाडौं
: फोन : ०१-४०२५७४२
इमेल : heidelpltd@gmail.com/heidelpress@gmail.com

CamScanner

चन्द्रनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर (नाढीमन ताल), सर्लाही

मधेश प्रदेश, नेपाल

मिति: २०८२ असार १५

प.स. २०८१/८२

च.नं. १७५२

## प्राक्कथन

नेपालका विभिन्न भूभाग प्राचीन कालदेखि नै तपोभूमिका रूपमा प्रसिद्ध छन्, जसाई वैदिक साहित्यिक, मिथकीय आख्यान र आधुनिक मानवशास्त्रीय अनुसन्धानले पनि प्रमाणित गरेका छन् । यिनै दिव्य परम्पराको गर्भबाट विकसित संस्कृतिहरूमा नेपालको तराईं क्षेत्रमा अवस्थित मिथिला संस्कृति एक ऐतिहासिक र महत्वपूर्ण संस्कृतिका रूपमा रहेको छ ।

इतिहासकारहरूको मतअनुसार प्राचीन आर्यहरूको पश्चिम सिन्धु नदी (हाल भारत र पाकिस्तानको सीमा क्षेत्र)बाट पूर्वतर्फ आएका आर्यहरूले मिथिला संस्कृतिको बिजारोपण गरेका थिए । सिन्धु नदीको किनारमा बस्ने यिनै आर्यहरूहरूले गंगा नदीद्वारा सिँचित क्षेत्र हुँदै पूर्व र दक्षिण लाग्ने क्रममा यिनीहरू मिथिला क्षेत्रसम्म आइपुगेका हुन् भन्ने विभिन्न प्रमाण भेटिएका छन् । पौराणिक ग्रन्थहरूले विदेहलाई नै मिथिला भनेर उल्लेख गरेका छन् । पश्चिममा सिन्धुवाट गंगाको तिरैतिर पूर्वतर्फ आएकाहरूमध्ये विदेह माधवको

CamScanner

अध्यक्षतामा वैदिक धर्मको अभ्युदय गरेको क्षेत्रको आधारमा यो क्षेत्रलाई विदेह भनिएको हो (ऐजन, पृ. १-५)।

मिथिला क्षेत्र र यहाँको संस्कृतिको विषयमा शतपथ ब्राह्मण, विष्णु पुराण, मनुस्मृति जस्ता धार्मिक ग्रन्थहरूमा यसबारे उल्लेख गरिएको छ। यी ग्रन्थहरूले प्राचीन भारतवर्षको सांस्कृतिक जीवनमा मिथिलाको महत्वपूर्ण भूमिका रहेको देखाएका छन्। मिथिला भारतवर्षको एक अतिप्राचीन राज्य हो र यो आर्यको प्रारम्भिक विस्तारकालमा नै आवाद भएको विभिन्न साहित्यिक स्रोतमा भेटिन्छ। अथर्व वेदमा व्रात्य सेना भ्रमणशील जातिलाई भनिएको छ। ययी व्रात्यहरू मूल आर्यको प्रथम शाखाबाट उत्पन्न भएका हुन्। यिनीहरू अन्यत्र कतैको नभएर सिन्धुकै मूल निवासी हुन् (त्रिवेद, १९९४)।

मिथिलाको भूमि प्राचीन कालदेखि नै शिक्षाको केन्द्र र ऋषि महर्षिको तपस्थलको रूपमा रहेको देखिन्छ। प्राचीनकालमा यो भूमि मुख्यत: आध्यात्म विद्याको केन्द्र थियो। राजा जनकदेखि कर्णाट् युगसम्म शिक्षाको केन्द्रको रूपमा रह्यो। यसै बीचमा गौतम, यज्ञवाल्क्य, मण्डन, वाचस्पति र चण्डेश्वर जस्ता साहितकाशले मिथिलाको गौरवलाई माथि उकास्न मद्दत गरे। गौतम, कणाद, जैमिनी एवं कपिल ऋषिले मिथिल भूमिमा न्याय, वैशेषिक, मीमांसा एवं सांख्य दर्शनको प्रतिपादन गरे। यही समयमा मिथिलाको सहयोगी नगरी वैशाली जैन एवं बौद्ध दर्शनको केन्द्रका रूपमा विकास भयो। जीवनमुक्तिका प्रतीक राजा जनकको भूमि दार्शनिक राजा विदेहको नामबाट विख्यात बन्यो। यही भूमिमा विश्वलाई लोभ्याउने संस्कृतिको विकास भयो। प्राचीन कालदेखि हालसम्म पनि मिथिला संस्कृति भारत वर्षको समृद्ध संस्कृतिको सूचीमा पर्दछ।

आफ्नै अनेकौं विशिष्टता बोकेको मिथिला संस्कृतिमाथि यहाँको

CamScanner

ऐतिहासिकताले पनि सम्भावना थपेको छ । सरसता, समरसता एवम् संवेदनशीलता मिथिला संस्कृतिको मौलिक विशेषता हो । जो समस्त भारतीय संस्कृतिको अविभाज्य अंग बनिसकेको छ। यही मिथिला संस्कृतिलाई निरन्तरता दिन यस भेगमा अनेकौं सम्पदा र परम्पराहरू रहिआएका छन्। यिनै सम्पदा र परम्परामध्ये सर्लाहीको चन्द्रनगर क्षेत्रको ऐतिहासिकतासम्बन्धी अध्ययन पनि एउटा विशिष्ट महत्व बोकेको ऐतिहासिक स्थल रहेकोले यसको अध्ययन गर्ने जमर्को गरिएको छ। यसमा अझैं पनि खोज्न सकिने ठाउँ हुँदाहुँदै पनि सीमित समय र स्रोतका कारण यस अध्ययनलाई सीमित बनाउनु परेको छ। यद्यपि यो लघु अनुसन्धान पुस्तिकाले यो क्षेत्रको इतिहास र संस्कृतिबारे जान्न ठूलो योगदान दिनेछ भन्ने हाम्रो विश्वास छ। यस अध्ययनको क्रममा प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।



**राज कुमार महतो**
गाउँपालिका अध्यक्ष
चन्द्रनगर गाउँपालिका

# विषय सूची

**अध्याय १ : चन्द्रनगर गाउँपालिका क्षेत्र बिर्ताले सिर्जिएको बस्ती**

१. परिचय १
२. चन्द्रनगरको नामकरण २
३. बिर्ताको भू-भाग ३
४. बिर्ता परम्परा र चन्द्रनगरको बिर्ता ४

**अध्याय २ : बडाकाजीको प्रेमले सिञ्चित चन्द्रनगर क्षेत्र**

१. परिचय ६
२. चन्द्रनगर स्थापनामा बडाकाजी मरिचिमानसिंह प्रधानको योगदान ७
३. निष्कर्ष १६

**अध्याय ३ : चन्द्रनगरको ऐतिहासिक पहिचान जोगाउन भएका प्रयासहरू**

१. परिचय १७
२. इतिहास जोगाउन अक्षम स्थानीय तह १८
३. चन्द्रनगरको ऐतिहासिकता जोगाउन गर्न सकिने कार्यहरु १९
४. चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने २०
५. चन्द्रनगर गाउँपालिकाका सबै सम्पदाहरूलाई समेटेर एकीकृत पर्यटकीय गुरुयोजना तयार गर्ने २१

**अध्याय ४ : सारांश तथा निष्कर्ष**

१. सारांश तथा निष्कर्ष २२

**सन्दर्भ सामग्रीसूची** २४

CamScanner

अध्याय : एक

# चन्द्रनगर गाउँपालिका क्षेत्र बिर्ताले सिर्जिएको बस्ती

## १. परिचय

सर्लाही जिल्लाका २० वटा स्थानीय तहमध्ये एक हो चन्द्रनगर गाउँपालिका । जिल्लामा रहेका ११ नगरपालिका र ९ वटा गाउँपालिकाहरूमध्ये चन्द्रनगर दक्षिणी भेगमा पर्दछ । साविकका चन्द्रनगर, मोहनपुर, बबरगञ्ज र किसनपुर गाउँ विकास समिति मिलेर सो गाउँपालिका तयार भएको हो । हाल ७ वटा वडामा विभाजित उक्त गाउँपालिकाको पूर्वपट्टीको केही भाग र दक्षिणतर्फ ब्रह्मपुरी नगरपालिका पूर्वतर्फको केही भाग र उत्तरतर्फको केही भागमा ईश्वरपूर नगरपालिका, उत्तरतर्फको केही भागमा हरिपुर नगरपालिका तर्फ पश्चिमतर्फ कविलासी गाउँपालिका रहेको छ । यस्तै दक्षिणपश्चिमको भागमा चक्रघट्टा गाउँपालिका रहेको छ । यसरी हेर्दा चन्द्रनगर गाउँपालिका सर्लाही जिल्लाका ५ वटै स्थानीय तहले घेरिएको छ । यसले अन्य जिल्ला र भारतीय भूभागलाई छोएको छैन ।



CamScanner

## २. चन्द्रनगरको नामकरण

चन्द्रनगर गाउँपालिकाको नामकरण ऐतिहासिक हिसावले गरिएको छ। उसो थ साविकका ४ वटा गाविसहरूको नामकरण पनि ऐतिहासिक रूपमा गरिएको थियो। यस गाउँपालिकाको नामकरणको नाभी इतिहासमा नेपालका पाँचौं राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरसँग जोडिन्छ। स्थानीयको भनाइ र प्राप्त तथ्यांकहरूका आधारमा हेर्दा हालको चन्द्रनगर गाउँपालिका रहेको क्षेत्रमा करिब सय वर्ष अघिबाट मात्रै बसोबास प्रारम्भ भएको पाइन्छ। प्रथम विश्वयुद्धका क्रममा भारतमा शासन गर्दै आएका ब्रिटिस सेनाले चन्द्र शमशेरलाई सैन्य सहयोगका लागि आग्रह गरेका थिए। सो क्रममा विदेश विभाग सन्दर्भ विभाग मुन्सीखानाका प्रमुखका हैसियतमा बडाकाजी मरिचिमान सिंह प्रधान रहेका थिए। उनले विश्वयुद्धमा बेलायतले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा केही सुझावहरू लेखेर चन्द्र शमशेरलाई दिए। चन्द्र शमशेरले ती सुझाव ब्रिटिस भारतीयकहाँ पुऱ्याए। यसबाट भारतमा बसोबास गर्ने ब्रिटिस शासक निकै खुसी भए। चन्द्र शमशेरको उच्च प्रशंसा गर्दै बेलायत भ्रमणको निम्तोसमेत दिए। बडाकाजीले ७ हरफको चिठीमा तयार गरेको मस्यौदासहितको चिठी पढेर बेलायती सम्राट जर्ज पञ्चम निकै खुसी भएकाले ७०० बिगाहा जग्गा बिर्तास्वरुप पाएका थिए भन्ने केही विद्वान्हरूको ठहर छ। ३५०० बिगाहा कचहरी खडा गरी ३५ सय रूपैयाँ सरकारलाई तिरो तिरी परिवारलाई ३०० विघा निजी बकसका रुपमा रहने गरी प्रदान भएको र सो ३०० बिगाहामध्ये प्रधान परिवारले आयस्ता खाने गरी बाँडचुँड गरेका थिए भन्ने केहीको मत छ।

यसरी चन्द्र शमशेरबाट बिर्ता पाइसकेपछि थप कुराकानीका क्रममा बिर्तामा बस्ती विकास त गर्ने तर बस्तीको नाम चाहिँ के राख्ने भन्ने भयो। मूल कुर्सीमा बसेका चन्द्र शमशेर तथा उनका दायाँ-बायाँ बसेका उनका छोराहरू



CamScanner

(मोहन शमशेर र बबर शमशेर)लाई देखाएर शिर(बीचको)लाई चन्द्र शमशेर, दायाँलाई दायाँ बबर शमशेर र बायाँलाई बायाँ मोहन शमशेर भनी उत्तर दिएको र उनीहरूलाई खुसी बनाउन एउटा क्षेत्रलाई चन्द्रनगर, अर्को क्षेत्रलाई बबरगञ्ज र अर्को क्षेत्रलाई मोहनगञ्ज भनी नामकरण गरेको स्थानीय बुद्धिजिवीहरूको भनाइ छ । तिनै नामबाट साविकका गाविसको नामकरण गरिएको र नयाँ व्यवस्थापछि ती गाविसहरू मिलाएर चन्द्रनगर गाउँपालिका नामकरण गरिएको तथ्य भेटिन्छ ।

## ३. बिर्ताको भू-भाग

चन्द्र शमशेरबाट बडाकाजी मरिचिमान सिंह प्रधानले पाएको बिर्ता जग्गाको भू-भागमध्ये हालको चन्द्रनगर गाउँपालिकाले कति ओगटेको थियो भन्ने यकिन तथ्यांक छैन । एकथरीको मत ७०० बिघा जग्गा बिर्ता स्वरुप आएको भन्ने छ । त्यसलाई सत्य मान्ने हो भने क्षेत्रफल करिब १.७५ वर्ग किमी हुन आउँछ । तर ३५०० बिघा र ३०० बिघालाई आधार मान्ने हो भने ९.५ वर्ग किमी हुन आउँछ । हालको चन्द्रनगर गाउँपालिकाको कुल क्षेत्रफल ४७.५ वर्ग किमी रहेको छ । यस अर्थमा हालको चन्द्रनगर गाउँपालिकाको करिब २० प्रतिशत भूभाग बिर्ताका रुपमा प्रदान गरिएको पाइन्छ । बाँकी जग्गा पछि क्रमश: व्यक्तिका नाममा नामसारी गर्दै लगिएको देखिन्छ ।

यसरी बिर्ता पाएपछि त्यहाँ वन फँडानी गरी बस्तीको प्रारम्भ भयो र पछि बडाकाजीले दरबार नै बनाएर अवकाश र फुर्सदका समय बिताए । उनले त्यहाँ विभिन्न संरचना बनाए भन्ने स्थानीयबासीहरू बताउँछन् । र, त्यहाँ निर्मित केही संरचनाहरूको अध्ययन र प्राप्त प्रमाणहरूले समेत यही देखाउँछ । गाउँपालिका क्षेत्रमा ३ वटा दरबार संरचना हाल जीर्ण अवस्थामा रहेका छन् ।



CamScanner

## ४. बिर्ता परम्परा र चन्द्रनगरको बिर्ता

बिर्ता भन्नाले राजामहाराजाहरू खुसी भई पूजा गर्ने ब्राम्हण, शिक्षा दिने शिक्षक, वीरता देखाउने भारदार, तथा सेवा सुश्रुषा गर्ने सेवक/सुसारेलगायतलाई सीमित तिरो तिर्ने वा नतिर्ने शर्तमा प्रदान गरिने जायजेथालाई मानिन्छ । नेपालमा लिच्छवीकालदेखि नै यदाकदा बिर्ता दिने प्रचलन चलेको पाइन्छ भने नेपाल एकीकरण अभियानपश्चात् राणा शासनकालसम्म नै बिर्ता दिने प्रचलन व्याप्त रहेको देखिन्छ। राणाकालको अन्त्यसम्म नेपालमा ७ लाख हेक्टर जग्गा बिर्ताका रुपमा दर्ता भएको पाइएको छ। ९ लाख हेक्टर जग्गा रैकरमा दर्ता भएको देखिन्छ । यसरी बिर्ता पाएको जग्गाबाटै अधिकांश स्थानमा बस्तीको विकास प्रारम्भ भएको तथ्य पनि भेटिन्छ ।

ऐतिहासिक स्रोतका अनुसार तत्कालीन प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले विश्वयुद्धका क्रममा योग्य दस्तावेज प्रदान गरेका कारण सर्लाही जिल्लाको हालको चन्द्रनगर गाउँपालिका क्षेत्रका जग्गामध्ये ३५०० बिघा जग्गा तिरो बुझाउने गरी एवं ३०० बिघा जग्गा निजी बकसका रुपपा प्रदान गरेका थिए। सोही जग्गाबाट हालको चन्द्रनगर गाउँपालिकामा बस्तीको विकास भएको थियो भन्ने मान्न सकिन्छ ।

चन्द्र शमशेर सर्लाहीमा र हालको चन्द्रनगरमा गएको भने पुष्टि गर्न सकिएको छैन । यो खोजीकै विषय हो । तर बडाकाजीको दरबार नै चन्द्र शमशेरको शासनकालपश्चात् निर्माण भएको हुनसक्ने आँकलन गरिएकाले चन्द्र शमशेर आफैँ हालको चन्द्रनगर गएर बस्ती बसालेका थिए भन्ने मान्न सकिँदैन । चन्द्र शमशेरको शासनकालभर बडाकाजी मरिचिमान सिंह प्रधानको काठमाडौं दरबारमै बोलबाला चल्ने गरेको हुँदा त्यसलाई छोडेर उनले सर्लाहीमा

दरबार बनाउन गए भन्ने तर्क नमिल्दो देखिन्छ । त्यसमाथि भीम शमशेरको शासनकालको अन्तिम वर्ष वि.सं. १९८९ सम्म पनि बडाकाजीको तलबवृद्धि भइरहेको भन्ने इतिहास पाइनुले सोपश्चात् मात्रै उनको चित्त तराईतिर आकर्षित भएको हुनसक्ने आँकलन गर्न सकिने बलियो आधार भेटिन्छ । जे भएतापनि, चन्द्रनगर, बबरगञ्ज, मोहनपुरजस्ता स्थानमा बस्ती बसाउने श्रेय प्रत्यक्ष रुपमा बडाकाजी मरिचिमान सिंह प्रधानलाई नै दिन सकिन्छ । उनका नाममा सो क्षेत्रमा भए गरेका कार्यहरूले पनि त्यसमा उनकै योगदान रहेको तथ्य भेटिन्छ ।



CamScanner

अध्याय : दुई

# बडाकाजीको प्रेमले सिञ्चित चन्द्रनगर क्षेत्र

## १. परिचय

सर्लाही जिल्लाको हालको चन्द्रनगर गाउँपालिका क्षेत्रलाई ऐतिहासिक महत्वको क्षेत्र बनाउन बडाकाजी मरिचिमान सिंह प्रधानको योगदान उच्च रहेको पाइन्छ। हालको चन्द्रनगर गाउँपालिका होस् या साविकका गाविसहरू, ती क्षेत्रमा बस्तीको विकास र विस्तारका बारेमा बुझ्दा मरिचिमान सिंह प्रधानको नाम अनिवार्य रूपमा जोडिन्छ। काठमाडौंको राणाकालीन दरबारको शानशौकत, नयाँ सडकको विलासी जीवन, त्यतिबेला नै वार्षिक १२ हजार खान्गीको व्यवस्था, १७ भाइ राणासरह ७ तोपे सलामीको व्यवस्थाजस्ता सुविधा छाडी बडाकाजीले वन क्षेत्रमात्र रहेको, औलो र हैजाजस्ता रोगको शिकार क्षेत्र, अत्यधिक गर्मी हुने क्षेत्र र सुविधाविहीन क्षेत्रमा गई आफ्नै लागि



CamScanner

दरबार स्थापना गर्नुले यस क्षेत्रप्रति उनको लगाव निकै रहेको पुष्टि हुन्छ ।

उनले सो क्षेत्रमा दरबार मात्रै बनाएनन्, नाढीतालको संरक्षण गरे, तालको किनारामा मन्दिर स्थापना गराए । केही दूरीमा विद्यालय स्थापना गरे र त्यति बेलाको अवस्थामा उखु प्रशोधन केन्द्र (प्रारम्भिक चिनी मिल)को स्थापना गरी स्थानीय विकासमा टेवा पुऱ्याए । आजभन्दा करिब १०० वर्षअगाडि विद्यालय स्थापना गर्नु, व्यावसायिक उखुखेतीको व्यवस्था गर्नु, प्रशोधन केन्द्रको व्यवस्था गर्नु र त्यस क्षेत्रलाई स्थानीय प्रशासनिक केन्द्रका रुपमा विकास गर्नुजस्ता कार्य बडाकाजीको अविस्मरणीय कार्यहरू हुन् ।

## २. चन्द्रनगर स्थापनामा बडाकाजी मरिचिमानसिंह प्रधानको योगदान

त्यतिबेला राजामहाराजाहरूले बिर्ता दिने प्रचलन सामान्य थियो । चन्द्र शमशेरको प्रमुख विश्वास पात्र रहेका एवं विदेश भ्रमणका क्रममा सँगै युरोप जाने अवसरसमेत पाएका बडाकाजीले चाहेको भए काठमाडौं तथा अन्य विकसित स्थानमा नै प्रशस्त बिर्ता पाउन सक्थे । काठमाडौंको नयाँ सडकमा नै उनको राजसी ठाँटको दरबार थियो । त्यसैले बडाकाजी कुनै लोभ, लाभ तथा आवश्यकता परेर सर्लाही आएका थिएनन् भन्ने जिकिर हाल दरबारको संरक्षण गर्दै आएका एवं सो क्षेत्रमा २०४१ तिर प्रधानपञ्चसमेत रहिसकेका नेत्रगोविन्द श्रेष्ठको छ ।

बडाकाजीले त्यस बस्तीमा किन दरबार बनाए भन्नेबारेमा भने स्थानीय पनि जानकार छैनन् । इतिहासमा पनि यसबारेमा खुलाइएको प्रमाण भेटिएको पाइँदैन । तर यो चाहिँ अनुमान लगाउन सकिन्छ कि चन्द्र शमशेरको निकै प्रियपात्र भई कार्य गरेका उनले भीम शमशेरको कार्यकालमा उचित भूमिका नपाएका, भीम शमशेरले अलि इर्ष्यालु व्यवहार गर्ने गरेका र

जुद्ध शमशेर शासनमा आएपछि त झनै उनले अवकाश नै पाएका थिए। दरबारिया झमेलाबाट मुक्त भई शान्तसँग बस्न मन लागेमा बस्न सक्ने गरी उनले सर्लाहीमा गई दरबार बनाएको हुनसक्ने अनुमान उनीनिकटका आफन्तजन र उनका बारेमा अध्ययन गर्ने जानकारहरूको छ। दरबार बनाई त्यहाँ कहिलेकाहीँ बसोबास गर्दा त्यहाँका जनताबाट अपार सम्मान तथा स्नेह प्राप्त भएका कारण उनले आफ्नो कीर्ति स्थापनाका लागि समेत देवालय र शिक्षालय स्थापना गरेका थिए भन्न अनुमान लगाउन सकिन्छ।

## क. दरबार स्थापना र स्थानीयहरूलाई रोजगारी प्रदान

हालको चन्द्रनगर गाउँपालिका (साविकका बबरगञ्ज, मोहनपुर, चन्द्रनगर र किसनपुर गाविस)मा बस्तीको सुरुवातसँगै बडाकाजी मरिचिमान सिंह प्रधानको भव्य दरबार स्थापना भएको मानिन्छ। हाल सो क्षेत्रमा केही दूरीमा ३ वटा दरबारका खण्डहर संरचनाहरू भेटिन्छन्। २ वटा दरबारहरू अलि सामान्य स्वरुपमा छन्, तिनमा दरबारिया शानशौकात त्यति भेटिँदैन। ती ३ तल्लाका रहेका छन्, तर खण्डहर अवस्थामा। ती संरचनाहरू बडाकाजीका आफन्तजनको रहेको भनी स्थानीयहरूले बताएका छन् भने बडाकाजीको दरबार केही पर आकर्षक र भव्य रहेको छ।

ती दरबारहरू कति सालमा स्थापना गरियो भन्ने कुनै प्रमाण फेला पार्न सकिएको छैन। बडाकाजीका आफन्त तथा हाल दरबारको हेरचाह गर्दै आएका नेत्रगोविन्द श्रेष्ठ पनि त्यसबारेमा आफूलाई यकिन जानकारी नभएको बताउँछन्। यद्यपि दरबारको बनोट, स्थानीयको भनाइ र तत्कालीन नेपालको राजनीतिक अवस्थासमेतका आधारमा सो दरबारको स्थापना वि.सं. १९९० सालभन्दा अगाडि नै बनेको हुनसक्ने देखिन्छ। बडाकाजीको दरबार पहिला



CS CamScanner

४ तल्ले थियो। वि.सं. १९९० को महाभूकम्पले संरचना भत्किएपछि पुनः यो संरचनामा निर्माण भएको पनि श्रेष्ठले उल्लेख गरेका छन्। यसबाट थाहा हुन्छ कि सो क्षेत्रमा बडाकाजीको प्रभाव वि.सं. १९९० अगाडिदेखि नै थियो।

बडाकाजीको दरबारको बनोट र एवं शान र शौकत हेर्दा काठमाडौंका राणाजीहरूको दरबार बिर्साउने खालको देखिन्छ। हाल दरबारमा केवल २ तला छन्। त्यो दरबार नै बडाकाजीको मूल दरबार नरहेको र बडाकाजी त्यहाँ फुर्सदको समय बिताउन तथा आफ्नो बिर्ताको कुत उठाउन मात्रै जाने भएकाले दरबार आकारमा त्यति ठुलो छैन। तर दरबारको बनोट भने राजसी शैलीको छ।

दरबारमा एउटा मूल प्रवेशद्वार रहेको थियो, जुन अहिले पनि छ तर जीर्ण। दरबारको सुरक्षाका लागि ३ तहको सुरक्षा घेराको व्यवस्था गरिएको पाइन्छ। सुरक्षा घेराका रुपमा रहेका ३ तहका पर्खालहरू केही भत्किसकेका तर अझै देखिने नै छन्। पहिलो घेरामा बडाकाजीको परिवार र उनका गन्यमान्य आफन्त र इष्टजनमात्र जान पाउने व्यवस्था रहेको त्यहाँका वयोवृद्ध नागरिक तथा जानकारको भनाइ छ। भित्री भागमा चारैतिर कोठाहरू छन् र बीचमा चोक छ। त्यस चोकमा नाचगान लगायतका रमाइला क्रियाकलाप गरिन्थे र माथिल्ला तलाबाट बडाकाजीहरूले नजर गर्दथे भन्ने पनि स्थानीयको जिकिर छ। भित्री भागमा जानका लागि २ वटा मार्ग रहेको कलात्मक गेट अझै पनि रहेको पाइन्छ। त्यसबाहिर चारैतिर करिब १०-१० मिटर जतिको दूरीमा अर्को सुरक्षा घेरा रहेको छ। अवशेषका रुपमा पर्खालहरू अझै रहेका छन्। सुरक्षाको दोस्रो घेरामा दरबारमा काम गर्ने कामदार, हिसाबकिताब राख्ने कर्मचारी र अन्यले बडाकाजी तथा उनका प्रतिनिधिसँग भेट्ने व्यवस्था गरिन्थ्यो भनी



CamScanner

स्थानीयहरू सुनेको बताउँछन् । यस्तै, दरबारको तेस्रो सुरक्षा घेरा भने करिब ५०-५० मिटरको दूरीमा रहेको थियो र त्यसभित्र सोक्षेत्रमा उठाइने अन्न भण्डारण गर्ने, उखुको प्रशोधन गर्ने, कामदारहरूको गुनासो सुन्ने, उनीहरूको तलब वा खान्गी प्रदान गर्ने र केही क्षेत्रमा खेतीसमेत गर्ने गरिएको थियो भन्ने स्थानीयको मत छ । अन्न भण्डारणका लागि ३ तलासम्मको १०-१२ वटा भकारी घरकोसमेत निर्माण गरिएको थियो, तीमध्ये केही अझैपनि दरबार परिसरमा रहेका छन् । दरबारलाई घेर्नेगरी त्यहाँ चक्रपथ समेत निर्माण गरिएको थियो, जुन हालसम्म कायम छ । दरबार परिसरमा त्यति नै बेला खनिएको मानिने इनारसमेत रहेको छ । दरबार बनाउनका लागि काठमाडौंबाटै सिकर्मी र डकर्मीहरूको व्यवस्था गरिएको थियो भन्ने पनि मत रहेको छ ।

बडाकाजीको निधन वि.सं. २००२ मा भयो । उनका छोरा सरदार नगेन्द्रमान सिंह प्रधानसमेत वि.सं. २०२१ सालसम्म दरबारमा जाने गरेका थिए । तर २०२१ मा भूमिसुधार ऐनले जग्गाको हदबन्दी तोकी हदबन्दीभन्दा बढी भएको जग्गाको व्यवस्थापन गर्ने कानुन बनाएपछि उनीहरूको नामको बिर्ता खोसियो, केवल दरबार क्षेत्रमात्रै रह्यो । 'त्यसपछि सरदारजीले त्यस दरबारमा पाइला टेक्नुभएको छैन,' दरबारका हेरचाहकर्ता श्रेष्ठको कथन छ । श्रेष्ठ पनि हाल मलंगवामै बसोबास गर्छन् । तर कहिलेकाहीँ दरबारमा आएर रेखदेख गर्छन् ।

## ख. मरिचि मानेश्वर महादेव मन्दिर र धर्मशाला स्थापना

नाढीमन तालको किनारमा रहेको छ मरिचिमानेश्वर महादेवको मन्दिर । करिब १४ कट्ठा क्षेत्रफलमा फैलिएको मन्दिरको नाम बडाकाजी मरिचिमान सिंहकै नामबाट राखिएको छ । शिखर शैलीमा निर्माण भएको त्यस मन्दिरको ढोकामा एउटा बसाहा र एउटा नन्दीको मूर्ति छ । देशका अधिकांश शिवालयहरूमा



CamScanner

ढोकाको बाहिर एउटा बसाहाको मात्रै मूर्ति रहने गरेकोमा सो मन्दिरमा सुरुवातदेखि नै बसाहा र नन्दी दुवैको मूर्ति रहेको बताइन्छ । मन्दिरको स्थापना १९९५ साल चैत्र शुक्ल षष्ठीका दिनमा भएको मानिन्छ । बडाकाजी प्रधानले केही स्थानीयको सहयोगमा व्यक्तिगत खर्चमा मन्दिर स्थापना गरेका थिए भन्ने स्थानीयहरूको भनाइ छ ।

साथै, मन्दिरनजिकै अर्को धर्मशाला पनि रहेको छ । मन्दिर र धर्मशाला एकैदिन निर्माण सुरु गरिएको मानिन्छ । एकतल्ले धर्मशालामा ६ वटा कोठा छन् । मन्दिर र धर्मशालानजिकै १ दर्जन जति विशाल वृक्षहरू पनि छन् । ती वृक्षहरू पहिलादेखि नै थिए वा बडाकाजीले सारेका थिए भन्ने यकिन छैन । तर ती रुखहरू सयौं वर्ष पुरानाजस्ता देखिन्छन् ।

प्राकृतिक ताल, त्यसको किनारामा मन्दिर र नजिकै धर्मशाला र त्यसवरपर विशाल वृक्षहरूसहितको शीतल बगैंचा । सो क्षेत्रमा बसोबासको एउटा रमणीय वातावरण बडाकाजी मरिचिमानसिंह प्रधानले नै बनाएका थिए । सोही बाटो हुँदै भारतीय सीमा नाका सुनवर्षाबाट सर्लाही जिल्लाको मलंगवासम्म व्यापारीहरू जाने गरेका थिए र सोही क्षेत्रमा बसोबास गर्ने गर्थे भन्ने किम्बदन्तीलाई यी साक्ष्यहरूले पुष्टि गर्दछन् । त्यस्ता व्यापारीहरू कुनै साधनमा वा पैदल रुपमा त्यही बाटो आउँथे । त्यहीँ पकाएर खान्थे । र, भाडाँवर्तनहरू तालमै लुकाएर जान्थे भन्ने भनाइ स्थानीयबासीहरूको रहेको छ ।

## ग. मरिचिमान सिंह जनता विद्यालय स्थापना

देशमा राणा शासनको जर्जर अवस्था विद्यमान रहँदा दरबारका पूर्व विश्वासपात्र बडाकाजी मरिचिमान सिंह प्रधानले सर्लाहीको चन्द्रनगरमा वि.सं. १९९५ मा नै विद्यालय स्थापना गरेको पाइन्छ । हाल सो विद्यालय मरिचमानसिंह जनता

माध्यमिक विद्यालयका रुपमा सञ्चालनरत छ ।

चन्द्र शमशेरजस्तो कठोर प्रधानमन्त्रीको विश्वासपात्रका रुपमा रहेका बडाकाजीले जुद्धशमशेरजस्तो अर्को कठोर प्रधानमन्त्रीको पालामा नै सर्लाहीमा विद्यालय स्थापना गरेर शिक्षाको ज्योति फैलाउने प्रयास गरेका थिए । सर्लाही जिल्लाको नयाँ बस्तीमा विद्यालय स्थापना गर्नुले त्यस क्षेत्रको विकासप्रति बडाकाजी निकै उत्साहित रहेको स्पष्ट हुन्छ ।

विद्यालयमा सुरुवाती दिनहरूमा बडाकाजीले आफ्नै कोषबाट रकम प्रदान गरी शिक्षणको व्यवस्था गर्थे भनी स्थानीयबासीहरू बताउँछन् । पछि विद्यालयलाई सरकार र सरकारी विद्यालय समुदायमा हस्तान्तरण गर्ने व्यवस्था भएपछि समुदायमा हस्तान्तरित भएको थियो ।

## घ. उखु खेतीको विकास र चिनी मिल स्थापना

बडाकाजी मरिचिमान सिंह प्रधानले सर्लाही जिल्लाको आफ्नो दरबारनजिक चिनी मिलको समेत स्थापना गरेको तथ्य भेटिन्छ । नेपालको पहिलो चिनी मिलका रुपमा विराटनगरको मोरङ सुगर मिललाई लिइन्छ तर बडाकाजीले त्यसबेला सर्लाहीमा नै चिनी मिलको स्थापना गरेका थिए । चिनीमिल दर्ता नगरिएको र प्रशोधनको पर्याप्त व्यवस्था नभएर हुन सक्छ, उक्त चिनीमिलको नाम इतिहासका पानामा समेटिएको छैन । तर सर्लाही जिल्लाको हालको चन्द्रनगर गाउँपालिकामा पर्ने बडाकाजीको दरबार परिसरमा अझै पनि सो मिलको अवशेष भेटाउन सकिन्छ । उनले प्रशस्त कामदार राखेका, किसानबाट उखु उठाउने र त्यसको प्रशोधन गरी सखर बनाएर बाहिर बिक्री गर्ने व्यवस्था मिलाएका थिए भन्ने स्थानीयको कथन छ । सो क्षेत्रमा अझै पनि खुदो पकाउने ठुला-ठुला कराइँ, उखु पेल्ने कल तथा अन्य मेसिनरी सामग्रीहरू जीर्णावस्थामा



CamScanner

यत्रतत्र छरिएर रहेको पाइन्छ ।

अहिले पनि सर्लाही जिल्लालाई उखुको भण्डार क्षेत्रका रुपमा लिने गरिन्छ । देशको उखु उत्पादनमा पहिलो नम्बरमा सर्लाही जिल्लाकै नाम लिइन्छ । अहिलेको यो अवस्था आउनुमा तत्कालीन प्रविधिको प्रयोगसहित बडाकाजीद्वारा स्थापना गरिएको प्रशोधन मिलको ठुलो भूमिका रहेका छ । बडाकाजीले त्यतिबेला आफ्नै बिर्ताको करिब ५० बिघा जग्गामा उखु खेती गरी सोको प्रशोधन र बिक्री गर्ने गरेका थिए भने कतिपय अन्य स्थानबाट समेत उखु ल्याई प्रशोधन गर्ने गरेका थिए भन्ने गरिन्छ। यस आधारमा बडाकाजी प्रधानले त्यसैबेला चन्द्रनगरलाई आत्मनिर्भर बनाउन उखु खेतीका लागि प्रोत्साहन गरेका थिए र त्यसको प्रशोधन र बिक्रीका लागि समेत व्यवस्था गरेका थिए भनी मान्न सकिन्छ ।

## ङ. जिल्लाको प्रशासनिक केन्द्रका रूपमा विकास

सर्लाही जिल्लाको हालको चन्द्रनगर गाउँपालिकामा पर्ने क्षेत्र कुनै समय सर्लाही जिल्लाकै एक प्रशासनिक केन्द्रका रुपमा विकसित भएको थियो भन्ने मानिन्छ। बडाकाजीका आफन्त तथा हाल बडाकाजीको दरबारको रेखदेख गर्दै आएका नेत्रगोविन्द श्रेष्ठका अनुसार बडाकाजीको दरबार स्थापना भएपश्चात् सो क्षेत्रको मालपोत उठाउने कामसमेत त्यहीँबाट हुने गरेको थियो । जग्गाको रजिष्ट्रेसनको काम भने मलंगवाबाटै हुन्थ्यो ।

बडाकाजी दरबारमा आउँदा विभिन्न कार्यालयका तालुकदार भेट्नका लागि त्यहाँ आउने गरेको भनी आफ्ना बाबुबाजेले सुनाएको स्थानीयहरू बताउँछन् । काठमाडौं दरबारका विश्वासपात्र प्रथम बडाकाजीको दरबारलाई नै त्यतिबेला आसपासका प्रशासनिक संयन्त्रले आफ्नो प्रशासनिक केन्द्र मान्ने गरेका थिए ।



CamScanner

## च. स्थानीयहरूलाई जग्गा वितरण, बस्तीको विकास र विस्तार

चन्द्रनगरमा बडाकाजी मरिचिमान सिंह प्रधानले तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरबाट बिर्ता पाएको तथ्य भएतापनि उनले कतिको बिर्ता पाएका हुन् भन्ने चाहिँ अझै यकिन हुन सकेको पाईंदैन । बडाकाजीका बारेमा गहन अध्ययन गरी 'परराष्ट्रका प्रशासक' शीर्षकमा पुस्तक लेखेका डा. मदनकुमार भट्टराईकै पुस्तकमा समेत २ वटा तथ्यहरू राखिएका छन् । एउटा तथ्य अनुसार सर्लाहीमा बडाकाजीले ७०० बिघा जग्गा बिर्ता पाएका हुन् भने अर्को तथ्यअनुसार कचहरी खडा गरी ३५०० बिघा जग्गा तिरो तिर्ने गरी बिर्ता दिइएको हो । ३०० बिघाचाहिँ निजी बकस(साय तिरो तिर्नुनपर्ने) कारुपमा दिइएको हो भन्ने मत पनि रहेको छ ।

बकस र बिर्ताको मात्रा जे-जति भएतापनि बडाकाजीले बकस र बिर्ता पाउनुअघिसम्म सो क्षेत्रमा उल्लेख्य बस्ती नरहेको नपाइएकाले सबैमा बडाकाजीको नै अख्तियारी थियो भनेर अनुमान लगाउन सकिन्छ । उनले पाएको निजी बकसको जग्गा पनि एकै ठाउँमा नभएर चन्द्रनगर, बबरगञ्ज र मोहनपुरमा लिएको पाइएकाले पनि यो पुष्टि हुन्छ ।

यसरी बडाकाजीले बिर्ता पाएपछि त्यहाँ काम गर्नका लागि आसपासका क्षेत्र तथा भारतको सीतामढीलगायतका जिल्लाबाट मानिसहरू ल्याइएको थियो । कालान्तरमा उनीहरूलाई पनि सोही क्षेत्रमा रहने बस्ने व्यवस्था गरियो र बस्तीको विकास हुँदै गयो भन्ने पाइन्छ ।

बडाकाजीले कुनै समारोह नै गरेर स्थानीयलाई जग्गा वितरण गरेको र बस्ती बसाएको भन्ने पाईंदैन । तर उनले बिर्ता पाएपछि नै ती क्षेत्रमा खेतीपाती, बसोबासको सुरुवात भएको, पूजा गर्नका लागि मन्दिर, पढ्नका लागि विद्यालय,



CamScanner

५० बिगा जग्गामा उखु खेती गराई त्यसको प्रशोधनबाट रोजगारीको सिर्जना गरेको लगायत तथ्यबाट ती क्षेत्रमा बस्तीको विकास हुँदै गएको प्रमाणित हुनजान्छ ।

## छ. पक्की सिँचाइको व्यवस्था

बडाकाजीले चन्द्रनगर क्षेत्रमा त्यतिबेला नै पक्की सिँचाइको समेत व्यवस्था गरिदिएका थिए भन्ने पाइन्छ । सिँचाइका लागि खोलाबाट पक्की नहर बनाई बयलबास कालिन्जोरबाट पानी ल्याउने व्यवस्था बडाकाजीले गरेका थिए भन्ने स्थानीयबासीहरूको भनाइ छ । उनीहरूका अनुसार त्यस नहरबाट अझैसम्म पनि पानी आउने गरेको छ ।

हाल सो क्षेत्रका हरेक खेतमा बोरिङबाट पानी निकाल्ने व्यवस्था भएको हुँदा नहरको पानीको त्यति महत्व त छैन । तर त्यतिबेला बडाकाजीले त्यहाँ गरेको व्यवस्थाले उनको क्षमता र नेतृत्व कौशलता झल्काउँछ ।

## ज. नाढीमन तालको संरक्षण

नाढीमन ताल परिसरको जग्गा पनि वि.सं. २०२१ मा भूमिसुधार ऐन आएपश्चात् सामुदायिक स्वामित्वमा गएको र सोभन्दा अगाडि बडाकाजीकै विर्ताबकसका रुपमा रहेको पाइन्छ । बडाकाजीले तालको संरक्षणमा पनि योगदान गरेका थिए । काललाई तालका रुपमा मात्र नभई एउटा विश्रामगृहका रुपमा विकसित गर्न उनले गरेका कार्यहरू स्मरणीय छन् । ताल किनारामा मन्दिर स्थापना गर्नु, नजिकै धर्मशाला निर्माण गर्नु, तालकिनारामा वृक्षारोपण गर्नु र छहारीका लागि चौताराको व्यवस्था गर्नुले बडाकाजीले सो क्षेत्रलाई विश्राम तथा आरामस्थलका रुपमा त्यतिबेला नै विकसित गर्न चाहेको



CamScanner

बुझिन्छ । अहिले पनि सो ताललाई मधेश प्रदेश र समग्र नेपालकै लागि एक विश्रामस्थलका रुपमा विकास गर्नु अपरिहार्य देखिन्छ ।

## ३. निष्कर्ष

सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिका क्षेत्रको बस्ती विकास र अन्य विकास निर्माणका काममा बडाकाजी मरिचिमान सिंह प्रधानको योगदान एकदमै अविस्मरणीय रहेको छ । सो क्षेत्रलाई एउटा व्यापारिक पदमार्गको विश्रामस्थल बनाउने, नाढीमन ताललाई समुदायमा बुझाउने, मन्दिर, विद्यालय र धर्मशाला बनाउने र चिनी मिल स्थापना गरी स्थानीय उत्पादनको बजारीकरण गर्ने कुरामा होस्, या स्थानीयलाई रोजगारी दिने सवालमा, बडाकाजीको योगदान निकै महत्वपूर्ण देखिन्छ । उनले चन्द्रनगर, बबरगञ्ज र मोहनपुरका केही क्षेत्र बिर्ताका रुपमा आफूले कज्याएका थिए भने त्यस वारिपारिका अन्य क्षेत्र स्थानीयलाई वितरणसमेत गरेका थिए । त्यतिबेलाको समयमा तराईको सो विकट क्षेत्रमा बडाकाजीले गरेको योगदान स्मरणीय रहेको छ ।



CamScanner

अध्याय : तीन

# चन्द्रनगरको ऐतिहासिक पहिचान जोगाउन भएका प्रयासहरू

## १. परिचय

सर्लाही जिल्लाको हालको चन्द्रनगर गाउँपालिका रहेको क्षेत्रले आजभन्दा करिब ९० वर्षअघि नै विकासको एउटा चरण पार गरिसकेको थियो । चन्द्र शमशेरको पालामा अर्थात् वि.सं. १९७४ तिर बडाकाजी मरिचिमानसिंह प्रधानले सो क्षेत्रको बिर्ता बकस प्राप्त गरेका थिए भने वि.सं. १९८० को दशकमा भव्य दरबार निर्माण गरेका थिए । यस्तै, वि.सं. १९९० को दशकमा तालको संरक्षण, मन्दिर एवं धर्मशालाको स्थापना, व्यापारिक मार्गको विकास र विश्रामस्थलको व्यवस्था, उखु प्रशोधनको व्यवस्था, पक्की नहर र विद्यालयसमेतको व्यवस्था गरिएको थियो । विकेन्द्रीकरणका लागि चन्द्रनगर, मोहनपुर र बबरगञ्जलाई केन्द्र बनाई बस्तीको विस्तार गरिएको थियो ।



CamScanner

नौ दशकअघि त्यति विकसित स्वरुपमा रहेको चन्द्रनगरमा त्यसपछिका दिनहरूमा भने विकासजन्य क्रियाकलापमा छायाँ परेको देखिन्छ । एक शताब्दीअगाडि नै 'नगर', 'गञ्ज' जस्ता उपाधि प्राप्त गर्न सफल रहेको सो क्षेत्र अहिले 'गाउँपालिका'का रुपमा रहनुले पनि यहाँको विकासमा देखिएको ढिलासुस्ती सहज अनुमान गर्न सकिन्छ ।

## २. इतिहास जोगाउन अक्षम स्थानीय तह

चन्द्रनगर गाउँपालिका परिसरको स्थलगत भ्रमण गर्दा लाग्छ कि चन्द्रनगरले आफ्नो इतिहासलाई पूर्णतः बिर्सेको छ । बिर्सेको मात्र नभई तिरस्कार नै गरेको छ। त्यतिबेलाको विकासको नमूनाका रुपमा रहेका बडाकाजीको दरबार अहिले जीर्णावस्थामा रहेको छ । नाढीमन तालको धर्मशाला त प्रयोगविहीन नै बन्न पुगेको छ । नाढीमन किनारामा रहेको मरिचिमानेश्वर महादेवको मन्दिरको संरक्षणका लागि केही प्रयास भएका छन्, तर ती पर्याप्त छैनन् ।

सम्भवतः देशकै पहिलो उखु प्रशोधन केन्द्र (चिनी मिल)का रुपमा रहेको बडाकाजीको दरबार परिसरमा रहेको उखु प्रशोधन केन्द्रका सरसामग्रीहरू यत्रतत्र छरिएका छन् । कति माटोमा मिले, केही चोरिए त केही त्यसै थोत्रिइरहेका छन् । आजभन्दा ९ दशकअघिको विकासको मोडलका रुपमा रहेको नहर पनि अहिले प्रयोग र संरक्षणविहीन बनी जीर्ण भएको छ ।

हाम्रो स्थलगल भ्रमणका क्रममा भेटिएका अधिकांश स्थानीयबासीहरूले चन्द्रनगरको शानका रुपमा रहेका नाढीमन ताल, बडाकाजीको दरबार र बडाकाजीले स्थापना गरेका संरचनाहरूको उचित संरक्षण नगरिएको गुनासो गरे । उनीहरूले स्थानीय सरकारको आलोचना गरे । चन्द्रनगरको सयौं वर्षको



CamScanner

इतिहास छ, तर हामी ती सबैलाई बिर्सेर इतिहासविहीन बनेका छौँ । यो लाजको विषय भएको बडाकाजीको दरबार परिसरमा भेटिएका एक स्थानीयको भनाइ थियो ।

२०७९ को स्थानीय चुनावबाट निर्वाचित भइ आएको सरकारले भने नाढीमन ताल केन्द्रित भई विकासका केही गतिविधिहरू अघि बढाइएको पाइन्छ । हाल नाढीमन तालमा नित्य सन्ध्या आरतीको व्यवस्था गर्नका लागि नयाँ भवन निर्माण गरिरहेको छ नजिकै रहेको शिव मन्दिर र हनुमान मन्दिरमा पनि नित्य पूजाको व्यवस्था गरिएको छ । बडाकाजीले स्थापना गरेका विद्यालयलाई स्तरोन्नति गर्दै हाल माध्यमिक विद्यालयका रुपमा सञ्चालन गरिएको छ ।

यी केही प्रयास भएतापनि चन्द्रनगरको ऐतिहासिकताका बारेमा जे जति खोजीकार्य हुनुपर्ने हो, त्यो हुन सकेको छैन । ऐतिहासिक महत्व बोकेका धरोहरहरूको उचित संरक्षणसमेत हुन सकेको छैन । त्यसमा गाउँपालिकाको ध्यान जान जरुरी देखिन्छ ।

## ३. चन्द्रनगरको ऐतिहासिकता जोगाउन गर्न सकिने कार्यहरू

चन्द्रनगर गाउँपालिका क्षेत्रमा करिब एक सय वर्ष पहिलेबाट आवादी सुरु गरी हालसम्म आइपुगेको इतिहास पाइन्छ । जंगलका रुपमा रहेको सो क्षेत्रमा तत्कालीन बडाकाजी मरिचिमानसिंह प्रधानले बकस विर्ता पाएपछि मात्रै वस्तीको विकास भएको थियो भन्ने केही इतिहासकारको तर्क छ । कतिपय स्थानीयहरू भने सोभन्दा पहिल्यैदेखि यहाँ बसोबास रहेको र बडाकाजीको बकस बिर्तापछि यहाँ उल्लेख्य विकास भएको बताउँछन् ।

जे होस्, लेख्य प्रमाण, स्थापित संरचना र प्रमाणका आधारमा

हेर्दा चन्द्रनगरले करिब एक शताब्दीको यात्रा गरिसकेको छ । तर जसरी हाल एक शताब्दीभन्दा अघिको इतिहास भेटाउन सकिएको छैन, त्यसरी नै अहिलेको सम्पदाहरूको उचित संरक्षण गर्न नसकेमा इतिहास पछाडि धकेलिँदै जाने निश्चित छ । तसर्थ, चन्द्रनगरको ऐतिहासिकताको रक्षा गर्दै सो ताललाई संरक्षण गर्ने, घुम्न योग्य बनाउने र उचित प्रचारप्रसार गर्ने हो भने देहायबमोजिमका कार्यहरू गर्नुपर्ने देखिन्छ :

## ४. चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने

यस प्रयोजनका लागि देहायबमोजिमका कार्यहरू गर्ने :

क. चन्द्रनगर नगरपालिका क्षेत्रभित्र रहेका ७-८ दशकभन्दा अघिका सम्पदाहरूको सूचीकरण गर्ने ।

ख. सूचीकृत सम्पदाहरूको स्वामित्व प्रक्रिया पुऱ्याएर गाउँपालिकाले लिने ।

ग. बडाकाजी मरिचिमान सिंह प्रधानको दरबारको स्वामित्व ग्रहण गरी एवं संरक्षण गरी गाउँपालिकाको संग्रहालय तथा सम्पदा खोज केन्द्रका रुपमा विकास गर्न सकिने ।

घ. वैज्ञानिक तरिकाबाट परीक्षण गरी हाल आँकलन गरिएका तथ्यहरूलाई पुष्टि गर्दै लैजाने ।

ङ. चन्द्र शमशेर, बबरशमशेर, मोहन शमशेर आदिसँग अन्य तरिकाले जोडिएको हुनसक्ने आधार खोजी सोबारेमा थप अध्ययन गर्ने । आदि ।



CS CamScanner

## ५. चन्द्रनगर गाउँपालिकाका सबै सम्पदाहरूलाई समेटेर एकीकृत पर्यटकीय गुरूयोजना तयार गर्ने

क. नाढीमन तालले चर्चेको भनिएको ५२ बिगाहा जग्गामा पूर्ण मौलिक-पौराणिक र ऐतिहासिकता झल्कने संरचनाहरू तयार गर्ने र त्यस आसपासका क्षेत्रमा पर्यटकहरूलाई बसोबासका लागि सुविधासम्पन्न होटल, रेष्टुँराहरू तथा अन्य कृत्रिम सुविधाहरूको समेत व्यवस्था गर्ने ।

ख. अन्य सार्वजनिक तथा निजी स्वामित्वका भएतापनि ठुला-ठुला तालमा जलविहारको व्यवस्था गर्ने ।

ग. चन्द्रनगर गाउँपालिका क्षेत्रलाई व्यावसायिक माछापालनका रुपमा मात्र नभई सिमसार क्षेत्र केन्द्रित अध्ययन केन्द्र तथा अनुसन्धानशालाका रुपमा विकसित गर्ने ।

घ. स्थानीय मौलिक उत्पादनहरूको ब्राण्डिङ गर्ने र बजारीकरण गर्न सहजीकरण गर्ने ।

ङ. तालका अतिरिक्त गाउँपालिका परिसरमा रहेका सबै प्राकृतिक, ऐतिहासिक, धार्मिक, पुरातात्विक सम्पदाहरूसमेतको संरक्षण गरी एकीकृत पर्यटनका कार्यक्रमहरू विकास गर्ने । आदि ।



CamScanner

## अध्याय : चार

# सारांश तथा निष्कर्ष

चन्द्रनगर क्षेत्रको ऐतिहासिकताका बारेमा प्राथमिक स्रोतको अध्ययन (स्थलगत भ्रमण, स्थानीयबासी तथा सरोकारवाला एवं जानकारहरूसँगको छलफल, अन्तर्वार्ता) तथा द्वितीयक स्रोतको सन्दर्भ र प्रमाण (विभिन्न प्रकासित तथा प्रसारित सामग्रीहरू)का आधारमा चन्द्रनगरको ऐतिहासिकता सम्बन्धी अध्ययनको सारांशलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

चन्द्रनगर गाउँपालिका क्षेत्रका बारेमा प्राथमिक स्रोतको अध्ययन (स्थलगत भ्रमण, स्थानीयबासी तथा सरोकारवाला एवं जानकारहरूसँगको छलफल, अन्तर्वार्ता) तथा द्वितीयक स्रोतको सन्दर्भ र प्रमाण (विभिन्न प्रकासित तथा प्रसारित सामग्री)का आधारमा चन्द्रनगर गाउँपालिका क्षेत्रको ऐतिहासिकतासम्बन्धी अध्ययनको सारांशलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :

चन्द्रनगर गाउँपालिका र साविकका गाविसहरू बबरगञ्ज, चन्द्रनगर, मोहनपुर र किसनपुरको ऐतिहासिक सन्दर्भ र महत्व रहेको छ। चन्द्रनगरमा बस्तीको



CamScanner

विकास र सम्पदाको स्थापनासम्बन्धी ऐतिहासिक तथ्यका बारेमा खासै खोजी कार्य हुन सकेको छैन । एक शताब्दी अगाडिका सम्पदाहरू हालसम्म प्राप्त हुन सकेका छैनन् । चन्द्रनगरमा ऐतिहासिक सम्पदाका रुपमा बडाकाजी मरिचिमानसिंह प्रधानको दरबार, मरिचिमानेश्वर महादेवको मन्दिर, नाढीमन ताल किनाराको धर्मशालाजस्ता करिब सय वर्ष पार गरेका सम्पदाहरू विद्यमान छन् । आजभन्दा करिब नौ दशक पहिले नै यस क्षेत्रमा विद्यालय स्थापना भएको थियो र व्यावसायिक उखु खेती तथा उखु प्रशोधन केन्द्रको स्थापनासमेत गरिएको थियो । नाढीमनताललाई महाभारतकालीन यक्ष-युधिष्ठिर संवाद स्थलका रुपमा स्थानीयबासीले दाबी गर्दै आएका छन्, यसलाई आधार मान्ने हो भने चन्द्रनगर गाउँपालिका क्षेत्रको इतिहास द्वापर युगसम्म जान सक्दछ ।

त्यस्तै, चन्द्रनगर गाउँपालिका क्षेत्र ऐतिहासिक महत्वको क्षेत्र हो । चन्द्रनगर, बबरगञ्ज, मोहनपुरजस्ता स्थान राणाप्रधानमन्त्रीहरू चन्द्र शमशेर तथा मोहन शमशेर एवं कमाण्डर इन चिफ बबर शमशेरका नामबाट नामकरण भएका हुन् । राणा प्रधानमन्त्री चन्द्र शमशेरले तत्कालीन बडाकाजी मरिचिमानसिंह प्रधानलाई बिर्ताबकस दिने क्रममा उनका छोराहरू मोहन शमशेर र बबर शमशेर पनि सँगै रहेकाले बडाकाजीले तीनै जनालाई खुसी बनाउन सो स्थानको नाम त्यतिबेलै चन्द्रनगर, मोहनपुर र बबरगञ्ज राख्ने निर्णय गरेका थिए । चन्द्रनगर गाउँपालिका क्षेत्र ऐतिहासिक दृष्टिले महत्वपूर्ण छ । वि.सं. १९९५ मा नै विद्यालय स्थापना भएको, व्यावसायिक उखुखेतीको सुरुवात भएको र उखु प्रशोधन (प्रारम्भिक चिनी मिल) केन्द्रको समेत विकास त्यसबेला नै भएको थियो । चन्द्रनगरका ऐतिहासिक सम्पदाहरू बडाकाजीको दरबार तथा नाढीमन ताल किनारामा रहेको धर्मशाला जीर्ण अवस्थामा रहेको छ भने पहिलो उखु प्रशोधन केन्द्रको केही अवशेषमात्रै रहेको अवस्था छ ।



CamScanner

# सन्दर्भसामग्री सूची


भट्टराई, मदनकुमार (२०७७), परराष्ट्रका प्रशासक : मीरमुन्सीदेखि बडाकाजीसम्म, सांग्रिला बुक्सढकाल, पुरूषोत्तम (२०६२), मन्दिरै मन्दिरको देश नेपाल, ललितपुर : डा. शोभाखर ढकाल ।

दाहाल, पेशल खतिवडा र सोमप्रसाद (२०५८), नेपालको कला र वास्तुकला, भोटाहिटी काठमाडौं । एम.के. प्रकाशन ।


खनाल, मोहनप्रसाद (वि.सं. २०५६), सिमरौनगढको इतिहास, काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिविवि ।

श्री ५ को सरकार (वि.सं.२०३१), मेचीदेखि महाकाली भाग २, काठमाडौं: सञ्चार मन्त्रालय सूचना विभाग ।

निरौला, पुण्यप्रसाद (वि.सं. २०४२), सांस्कृतिक सम्पदाको प्रारम्भिक प्रतिवदेन २०४१/४२ भाग एक, काठमाडौं: श्री ५ को सरकार शिक्षा मन्त्रालय सूचना विभाग ।




CamScanner






9789937-1-8824-1